परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक ३ २०८२ श्रावण १८ आईतवार Sunday 3, AUG 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## विद्युत प्राधिकरणको ज्यालादारी कर्मचारी तलब भत्ता माग गर्दै धर्नामा




विराटनगर । नेपाल विधुत प्राधिकरणमा दैनिक ज्यालादारीको रुपमा काम गर्दै आएका कर्मचारीहरुले मासिक तलब सेवा सुविधा माग गर्दै धर्ना श्रावण १२ र १३ गते धर्नामा बसेका थिए ।

नेपाल बिधुत प्राधिकरण दैनिक ज्यालादारी संघर्ष समिती नेतृत्वमा नेपाल विद्युत प्राधिकरण कोशी प्रदेशलगायत देशैभरी मासिक तलब सेवा सुविधा माग गर्दै धर्ना बसेका थिए ।

नेपाल बिधुत प्राधिकरणमा कार्यरत ज्यालादारी कर्मचारिहरु लाई मासिक तलबी कर्मचारी बनाउनु पर्ने माग गर्दै २ दिने धर्ना बसेको थियो । देश भरिकै ज्यालादारी कर्मचारीहरुले आन्दोलन गरेको थियो ।

२०७८ साउन ३१ गते बसेको नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको ९४९ औं बैठकले देशभरका दैनिक ज्यालादारी श्रमिकलाई मासिक ज्यालामा रूपान्तरण गर्ने निर्णय गरेपनि निर्णय कार्यान्वयनमा नआएकाले कर्मचारीहरूले चरणबद्ध आन्दोलन थालेका थियो ।

पहिलो चरणमा हरेक एकाइमा आउन ७ र ८ गते कालो पट्टी बाधेर बिरोध गनाएको थियो । धर्नामा २० औ वर्ष देखि ज्यालादारीमा काम गर्दै आएको कर्मचारीहरुले उपस्थिति रहेको थियो । उनिहरु २० औ वर्श देखि ज्यालादारी कर्मचारीको रुपमा काम गर्दै आए पनि २०६८ साल देखि संगठित भएर मासिक तबलमा नियुक्ति गर्नु पर्ने माग गर्दै आएको छ । देशभरी जम्मा २८ सय १३ जना र कोशी प्रदेशमा ५३८ जना ज्यालादारी कर्मचारीहरु कार्यरत रहेको छ ।

नेपाल बिधुत प्राधिकरण दैनिक ज्यालादारी संघर्ष समिती कोशी प्रदेशको अध्यक्ष बिनोद गनगाइले हाल प्राधिकरणले दैनिक ज्याला मा कार्यरत श्रमिकलाई हाजिरीको आधारमा जिल्ला दर रेटको दरमा प्रतिदिन ७३५ रुपैयाको दरले तलब दिँदै आएको छ । तर संघर्ष समितिले उनीहरूलाई मासिक ज्यालादारीमा रूपान्तरण गरी न्यूनतम २५,७५० रुपैयाँ मासिक तलब दिनुपर्ने माग राखेको छ ।

यो रकम नेपाल विद्युत प्राधिकरणका तलब संरचना अनुसार एक तहका कर्मचारीले पाउने न्यूनतम तलब बराबर हो । गनगाइले भने दैनिक ज्यालादारीमा काम गर्दा न त बिदा पाइन्छ न त कामको शुनिश्चित्ता हुने गरेको छ भने न त सामाजिक सुरक्षामा जोडिएको छ त्यसको कारण न त हाम्रो ज्यानको सुरक्षा हुन्छ न त परिवारको नै त्यसको लागि भए पनि मासिक तलबमा जोडनु पर्ने

वांकी अन्तिम पेजमा...

## प्रेस क्लब भद्रपुरको भवन समुद्घाटन

विराटनगर । प्रेस क्लब भद्रपुर झापाको कार्यालय भवनको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले उद्घाटन गरेका छन् ।

कार्यालय भवनको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले पत्रकारहरुले सकारात्मक समाचारलाई प्राथमिकता दिनुपर्ने भन्दै पछिल्लो समयमा नकारात्मक समाचारले प्राथमिकता पाउँदा समाज गलत दिशातर्फ गएको समाजलाई सही ढंगले अगाडि बढाउन पत्रकारहरूको महत्वपूर्ण भूमिका हुने वताएको थियो ।

त्रकारहरूकै योगदानका कारण अहिलेको व्यवस्था आएको चर्चा गर्दै यो व्यवस्थालाई बलियो बनाउन का लागि पनि पत्रकारहरूको भूमिका महत्वपूर्ण हुने दावी गरेका छन् । देशमा केही भएन र केही भएको छैन भन्ने भाष्य तयार गरिँदै गरेको बताउँदै उहाँले अहिलेको विकास निर्माणलाई हेर्ने हो भने त्यो भाष्य गलत हुने दाबी गरेको गरेका थिए ।

३० वर्षमा हुन नसकेको विकासको काम प्रदेश सरकारले ७ वर्षमा गरेको चर्चा गर्दै मुख्यमन्त्री कार्कीले कोशी प्रदेश सरकारले मात्रै ७ सय किलोमिटर भन्दा बढी सडक कालोपत्रे गरेको जानकारी दिदै देशकै पुरानो नगर भएर पनि भद्रपुर पछिल्लो समयमा पछाडि परेकोमा चिन्ता व्यक्त गर्दै यसलाई अगाडि बढाउनको लागि सबै लाग्नुपर्नेमा उहाँले जोड थियो ।

नेपाल पत्रकार महासंघ कोशीका अध्यक्ष, भद्रपुर नगरपालिकाका मेयर गणेश पोखेल लगायतले कार्यक्रममा बोल्नुभएको थियो। सो कार्यक्रममा सहयोगी र अग्रज पत्रकारहरुलाई सम्मान समेत गरिएको थियो । कोशी प्रदेश सरकार, भद्रपुर नगरपालिका र स्थानीय समाजसेवी समेतको सहकार्यमा सो कार्यालय भवन निर्माण गरिएको हो । करिब २२ लाख रुपैयाँको लगानीमा भवन निर्माण भएको जानकारी क्लबले दिएको छ ।

सोही दिन मुख्यमन्त्री कार्कीले झापाको भद्रपुर ८

वांकी अन्तिम पेजमा...

भर्ना खुल्यो
प्रदेश नं. १ मा
भौतिक पुर्वाधारले सम्पन्न तथा
निजी क्षेत्रको अग्रणी कलेज
विराट हेल्थ कलेजमा
HA (General Medicine)
D. Pharmacy
Lab Technician
Radiography
PCL Nursing
फारम भर्ने अन्तिम मिति
२०८२ श्रावण २५ गते सम्म
सम्पर्क:
विराट हेल्थ कलेज, विराटनगर
Website : www.birathealthcollege.edu.np
Email : birathealthcollege2020@gmail.com
०२१-४२२९७३, ४२२९७४, मो. ९८४२०४५०४०

भर्ना खुल्यो !
NIT College मा
३-वर्षे स्वास्थ्य प्राविधिक विषयहरु :-
> ल्याव टेक्निसियन (CMLT)
> हेल्थ असिस्टेन्ट (HA)
> डिप्लोमा इन फार्मेसी (DPH)
अनलाईन फारम भर्ने अन्तिम मिति: २०८२/०४/२६ गते सम्म
SEE उतिर्ण गरी न्युनतम २.० GPA प्राप्त गरेका विद्यार्थीहरुले अनालाईन मार्फत वा कलेजमा नै आएर समेत फारम भर्न सक्नेछन ।
थप जानकारीको लागी सम्पर्क
नेशनल ईन्स्टिच्यूट अफ् टेक्नोलोजी
(NIT College)
बरगाछी, अच्युतमिल, सप्तकोशी मार्ग, विराटनगर-४, (धरान रोड देखी २०० मिटर पश्चिम)
9819349122, 9802754150, 9852028403

क्राईम अपरेशन साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.नं. ०४/०७७/०७८

## विद्युत...

माग गर्नु गरेको छ । उहाहरुले पटकपटक वार्ता बस्दा पनि हाम्रो माग सम्बोधन हुन सकेको छैन । यो धर्नाबाट पनि माग सम्बोधन भएन भने चरणबद्ध आन्दोलनमा जाने चेतावनी दिएका छन् ।

## प्रेस क्लब...

मा रहेको मेची बहुमुखी क्याम्पस क्रिकेट रङ्गशालाको अवलोकन समेत अवलोकन गर्नु भएको थियो ।

कोशी प्रदेशमा नै सुविधा सम्पन्न रङ्गशाला निर्माण गर्ने उद्देश्यले सुरु गरिएको यो रङ्गशालामा प्रारम्भिक चरणको काम गरिएको छ । कोशी प्रदेश सरकार ,भद्रपुर नगरपालिका र स्थानीय समाजसेवीको सहयोगमा करिब ६० लाख रुपैयाँ खर्च गरेर अहिले रङ्गशालाको प्रारम्भिक चरणको काम सुरु भएको भद्रपुर क्रिकेट क्लबले जानकारी दिएको छ ।

सोअवलोकन भ्रमणमा मुख्यमन्त्री कार्कीले मैदानको प्रारम्भिक चरणको काम राम्रो ढंगले बढेको बताउँदै यसका लागि प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । मुख्यमन्त्री कार्कीले मैदानको राम्रो डिपिआर बनाएर काम अगाडि बढाउनको लागि क्लबलाई आग्रह गर्दै उहाँले डिपिआर पछि प्रदेश सरकारले कस्तो खालको सहयोग गर्न सक्छ भन्ने विषयमा छलफल अगाडि बढाएर काम गर्ने वताए ।

उहाँले प्रदेश सरकार खेलक्षेत्रको विकास गर्न क्रियाशील रहेको बताउँदै यसका लागि त्यस क्षेत्रका नागरिक अगुवा र खेलप्रेमी हरूको पनि भूमिका महत्वपूर्ण हुने उल्लेख गरेका थिए । मैदानलाई करिब ८ हजार दर्शकले हेर्न मिल्ने गरी बनाउने तयारी गरिएको जनप्रतिनिधि तथा क्लबका पदाधिकारीले जानकारी जानकारी गराएका थिए ।

अवलोकन भ्रमणमा भद्रपुरमा नगरपालिकाका वडा अध्यक्ष मनोज सुब्बा र क्लबका अध्यक्ष आदित्य पराजुली लगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

# तेस्रो अधिविशनबाट अध्यक्षमा राजवंशी निर्वाचित

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) वडा कमिटी विराटनगर-८ को तेस्रो वडा अधिवेशनबाट भूवन राजवंशीको अध्यक्षता मा २१ सदस्य वडा कमिटी सर्वसम्मतिले निर्वाचित भएका छन् ।

सर्वसम्मतिले निर्वाचित भएको कमिटीको उपाध्यक्ष महम्म समिर, सचिवमा शिव वहादुर मगर, उप-सचिव इश्वर कार्की, उप-सचिव रिन्कु कुमारी राय, रहेका छन् ।

सदस्यहरुमा कृतना दहाल, उर्मिला विश्वकर्मा, गोमा खाती, अशोक राजवंशी, शंकर राय, सरजु प्रसाद राजवंशी, चन्दन राजवंशी, वद्रे आलम,




मोहम्मद अब्वास, शुक्र बहादुर राई, माया राजशंशी, रुपा भूजेल, राजकुमार श्रेष्ठ, मनोरमा निरौला, मोहम्मद खलिम र विमला नेपाल रहेका छन् ।

नेपाल कम्युनिष्ट पार्टी ( एमाले) वडा नं. ८ निर्वाचन कमिटी संयोजक राजन भण्डारी, सदस्य मेघराज श्रेष्ठ, शोभा निरौला निर्वाचन प्रक्रिया पुरा गरी सर्व सम्मतिले निर्वाचित भएको नाम घोषण गरी प्रमाण पत्र समेत प्रदान गरेका थिए ।

अधिवेशनको खुल्लासत्रको प्रमुख अतिथि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रिय सदस्य एवंम मोरंग जिल्ला इन्चार्ज माननीय जीवन घिमिरेले भने जहाँ एमाले त्यहाँ विकास भन्ने कुरा विराटनगर महानगर पालिका वडा नं. ८ मा भएको विकासले देखाई सकेको छ त्यसैले नेकपा एमाले एकजुट भएर अगाडी वढ्न निर्देशन दिदै अगामी दिनमा पनि नेकपा एमाले जित्ने गरी अगाडी वढ्नु पर्ने वताए ।

उक्त अवसरमा नेकपा ( एमाले) मोरंगका जिल्ला सचिव सोमराज थापा, विराटनगर महानगरपालिका अध्यक्ष बलराम गिरी, विराटनगर महानगरपालिका वडा नं. ८ का वडा अध्यक्ष राम पोखरेलले अधिवशनको सफलताको शुभकामना व्यक्त गरेका थिए ।


## कोरोनाबाट बच्ने उपाय

- नियमित रुपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रुघाखोकी लागेका व्यक्तिको नजिक वा सामुन्ने नबसौं,
- अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुपमालको सर सफाईमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुपमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रुपम लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔ र आइसोलेसनमा बसौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड











परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्यामसुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# दोहरो मारमा किसान

कृषि प्रधान देश नेपालमा कृषि कर्म गरी धनी वन्न गाह्रे छ । त्यसमा पनि धान खेती गरेर त झनै गाह्रे छ । किसानको कर्म गर्ने सधै दुःख नै पाई रहेको छ । किसानलाई एकत प्रकृतिले समेत ठगी रहेको हुन्छ भने सरकारले पनि समयमा जल, मल र विउ उपलब्ध गराउन सक्दैन । अकाशे पानी नपर्नाले कति पय खेत त्यसै बाझो छ । सिचाई भएको ठाउँमा धान रोपाई भएपनि त्यसको लागि मल खोज्न भारतको विहार तिर जानुपर्छ उत्ता पल पाएपनि सिमा क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले विना पैसा लिई कन मल आउन दिदैन ।

नेपाल सरकारले समयमा मल आयात नगर्दा त्यसको असर सिधै किसानमा पर्दछ । वर्षमा सात लाख टन मल चाहिन्छ भन्ने सरकारलाई सधैं थाहा भएकै कुरा होरु। तर त्यसको एक तिहाई मल पनि यायात गर्न सकि रहको छनै । सरकार पन्छिएर भन्छ ठेक्कादारले मल यायात गर्न सेकन । किसानलाई त बहाना चाहिएको होइन किनसलाई मल चाहिएको हो त्यो कुरा कुर्सीमा बसेका कसैले पनि बुझी रहेका छैन । सरकार कृषिमा अनुदान बाँडेर रमाउँछरु। तर मलचाहिँ दिन सक्दैन, जुन अत्यावश्यक होरु। किसानले मल नपाउने हुनु भनेको सरकारकै कमजोरीबाहेक केही हुन सक्दैनरु।

देशको अर्थतन्त्र धान्न सवभन्दा ठूलो योगदान कृषकले गर्दछ । त्यही कृषकलाई चाहिने सिचाई, मल, खाद्य, विउ समयमा उपलब्ध गराउन सक्दैन । यो सवै राजनीतिक खेल मात्र हो । कृषकले चाहिले सवै कुरा समयमा आउन सक्छ तर हाम्रो देशका नेताहरुले कमिसनको लागि ठेक्कामा नदिएर सरकार आफै कृषकको लागि चाहिने बस्तुहरु यायात गर्नुपर्छ । समयमा कृषी कर्मको लागि चाहिने बस्तु समयमा नै उपलब्ध गराउन सरकारको कर्तव्य हो । त्यो नगर किसान सधै गरीबको गरीब नै रहन्छ किसन गरीब हुनुको अर्थ देश नै दिनानुदिन गरीब हुदै जान्छ । यस तर्फ समयमा नै सबैले विचार पुऱ्याउन आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन** देखिन्छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# अर्थतन्त्रको मेरुदण्ड : उद्योग बिना सम्भव छैन



रमेश कुमार बोहोरा

आज नेपालले भोगिरहेको प्रमुख चुनौतीमध्ये रोजगारी अभाव सबैभन्दा गहिरो समस्या बनिसकेको छ। प्रत्येक वर्ष हजारौं युवाशक्ति विदेशिने क्रम बढ्दो छ तर त्यसको मूल कारणमा सरकारको योजना विहीन नीति, उद्योगविहीन आर्थिक ढाँचा र स्थानीय रोजगारी सिर्जनाको प्रति उदासीनता स्पष्ट देखिन्छ। नेपालजस्तो कृषिप्रधान देशमा समेत उत्पादनमूलक उद्योगहरू स्थापनामा राज्यको कमजोरी देखिएको छ। विगत दुई दशकको तथ्यांक हेर्दा स्पष्ट हुन्छ सरकारले उद्योगलाई प्राथमिकता दिएको छैन र यही कारणले देशको समग्र विकास र आर्थिक आत्मनिर्भरता सपनाजस्तै बनेको छ।

वास्तविकता के हो भने हाम्रो देश नेपालमा रोजगारीको पर्याय बनेको छ वैदेशिक श्रम बेरोजगारीको यस्तो भयानक अवस्थाबाट देश गुज्रिरहेका बेला सरकारले यसको समाधान खोज्ने गम्भीर प्रयास गरेको देखिँदैन। सन् २०२५ को प्रारम्भसम्म आएको उद्योग विभागको विवरणअनुसार बागमती प्रदेशमा मात्रै करिब ४९३ उद्योग दर्ता भएका छन् तर अन्य प्रदेशहरूमा त्यसको तुलनामा अत्यन्तै न्यून संख्या छ कोसी, मधेस र गण्डकी प्रदेशमा मात्र १९-१९ लुम्बिनी मा २५ र सुदूरपश्चिममा जम्मा ६ उद्योग दर्ता भएका छन्। यस्तो तथ्यांकले स्पष्ट देखाउँछ कि सरकारको ध्यान समान क्षेत्रीय विकासमा छैन। उद्योग स्थापनामा राज्यको राजनीतिक इच्छाशक्ति नहुँदा देश आन्तरिक रोजगारी सिर्जनाबाट टाढिँदै गएको छ।

नेपालका अधिकांश उद्योग हरू राजधानी केन्द्रित छन्। त्यसमा पनि उत्पादन होइन आयातमा आधारित थोक डिलरहरू, प्याकेजिङ उद्योग वा परिष्कृत वस्तुका सीमित कारोबार मात्रै छन्। बाँकी क्षेत्रहरूमा चाहिँ उद्योगको नाममा काम चलाउ प्रयास मात्रै छन्। सरकारले “स्वदेशमै रोजगारी सिर्जना गर्ने“ भनेर बारम्बार घोषणा गर्ने गरे पनि त्यसको कार्यान्वयनमा शून्यता देखिन्छ। उदाहरणका लागि नेपालमै एक दशकभन्दा बढी समयदेखि घोषणा गरिएको मल कारखानाको योजना अहिलेसम्म कार्यान्वयनमा आएको छैन। किसानहरू वर्षेनी मलको अभावमा सास्ती भोगिरहेका छन् तर सरकारले भने उही आश्वासन दोहोऱ्याउने काममात्र गर्दै आएको छ।

हाम्रो कृषिप्रधान देशमा उद्योगको विकासले अर्थतन्त्रलाई मात्र होइन रोजगारी सृजनालाई समेत बल पुऱ्याउँछ। चामल, तोरी, गहुँ, सुर्ती, तरकारी, फलफूल यी सबैका उद्योगहरू निर्माण गर्न सकिने देशको क्षमता हुँदाहुँदै पनि त्यसमा लगानी र नीतिगत प्रोत्साहनको खडेरी देखिन्छ। कृषिमा आधारित उद्योग स्थापना गरेर स्थानीय कच्चा पदार्थलाई प्रयोग गर्दै उत्पादनमा रूपान्तरण गर्ने रणनीति अपनाइएको भए हामीले करोडौं रकम खर्च गरेर छिमेकी राष्ट्र भारत र चीनजस्ता मुलुकबाट आयात गर्नुपर्ने अवस्था रहने थिएन। सरकारी नेतृत्वले अझै पनि उत्पादनभन्दा आयातमुखी आर्थिक ढाँचालाई निरन्तरता दिएको छ।

अर्को पक्षमा हेर्दा सरकारी तन्त्रको ढिलासुस्ती र कर नीति उद्योगहरूका लागि बाधक बनेको छ। हाल सञ्चालनमा रहेका उद्योगहरूले स्थानीय, प्रदेश र संघ तीनवटै सरकारबाट कर तिर्नुपर्ने स्थिति रहेको छ जसले उद्योगीहरूलाई झनै हतोत्साहित बनाएको छ। स्पष्ट कर नीति अभाव, झन्झटिलो प्रक्रिया, अनावश्यक जाँच पास प्रणाली, आयात निर्यातको पेचिलो अनुमति प्रक्रिया यी सबैले औद्योगिक वातावरणलाई असहज बनाएको छ। उद्योगको वृद्धिमा सघाउने राज्य नीतिहरू अझै पनि अस्पष्ट छन्।

अहिले नेपालमा उत्पादन हुने मुख्य वस्तुहरू चिनी, चामल, इँटा, सिमेन्ट, चप्पल, जुटका सामान प्रति बजारमा माग छ तर ती उद्योगको उत्पादन क्षमतामा गिरावट आएको देखिन्छ। यो गिरावटको मूल कारण भनेकै कच्चा पदार्थको आयातमा निर्भरता, ऊर्जा संकट, पूर्वाधार अभाव र बजार व्यवस्थापनको कमजोरी हो। खासगरी ऊर्जा संकट नेपालका अधिकांश उद्योगको मर्ममा परेको चोट हो। नियमित विद्युत आपूर्ति नभएको, सौर्य तथा वैकल्पिक ऊर्जा प्रवर्द्धनमा सरकार गम्भीर नदेखिएको र पूर्वाधार (सडक, यातायात, भन्सार सहजता) को अभावले उद्योगहरू धराशायी बन्दै गएका छन्।

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन २०७६ लागू गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन नगर्दा यसको प्रभाव सीमित बनेको छ। उद्योगमैत्री वातावरण निर्माण गर्ने भनिएको कानुनलाई व्यावहारिक जीवनमा रुपान्तरण गर्न सरकार असफल देखिएको छ। ऐन बनाउनु मात्र पर्याप्त होइन त्यसको कार्यनयनमा इच्छाशक्ति, प्रशासनिक दक्षता र लगानीमैत्री संरचना आवश्यक पर्छ। विडम्बना हाम्रो देश नेपालमा नीति बनाउने र त्यसलाई लत्याउने परम्परा नै विकास भएको देखिन्छ।

यसै सन्दर्भमा एक महत्वपूर्ण प्रश्न उठ्छ के सरकार वास्तवमै उद्योगको विकास चाहन्छ ? यदि चाहन्छ भने किन प्रत्येक वर्ष सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उद्योग स्थापना सम्बन्धी लक्ष्य तोक्दैन ? किन प्रदेशस्तरीय पूर्वाधार योजनाहरूमा उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिइँदैन ? किन ऋण लिन चाहने साना उद्योगीहरू साखमा समस्या भएर बिचौलियाको सहारामा जानुपर्ने स्थिति आउँछ ? यी प्रश्नहरू सरकारी गम्भीरताको परीक्षण गर्ने कसौटी हुन्। दुर्भाग्यवश यी प्रश्नहरूको उत्तर पत्तो छैन।

उद्योगको विकाससँगै

वांकी ४ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# एशियाकै दोस्रो ठूलो राधाकृष्ण रथयात्राको विस्तृत विवरण

श्री राधाकृष्ण रथयात्रा समारोह समिति-२०८२ ले राधाकृष्ण रथ यात्रा सम्वन्धि श्रावण १२ गते निकालिएको प्रेस विज्ञप्तीको पूण विवरण र रथा यात्राको ऐतिहासिकता सम्वन्धि जानकारी र रथयात्राको तयारी सम्वन्धि विषेश जानकारीको पूणपाठ

आदरणीय सञ्चारकर्मी एवम् पत्रकार बन्धुहरू, बैदिक हिन्दू परम्परा अनुसार सर्वशक्तिमान परमेश्वरप्रति श्रद्धा एवम् भक्तिभाव व्यक्त गर्न आदीम कालदेखि नै मठमन्दिर, देवालय आदि स्थापना गर्ने प्रचलन चलिआएको छ। यसै पृष्ठभूमिमा यो मन्दिर महाभारतकालीन विराट राजाको नगरीको रूपमा प्रचलित धार्मिक एवम् औद्योगिक सहर विराटनगर महानगरपालिका वडा नं. १, २, र ३ को संगम स्थल पानीटंकी पोखरियामा धर्मानुरागी मुखिया सोमराज पौडेल र कृष्ण प्रसाद पौडेल समेतबाट प्रदत यो पुण्य भूमीमा वि.सं. १९८८ मा यो मन्दिर धर्मप्रेमी धार्मिक व्यक्तित्व पं. श्री इन्दलाल भट्टद्वारा स्थापना भएको हो। यस मन्दिरको स्थापना कालदेखि नै बैदिक सनातन हिन्दू धर्म अनुसार दैनिक पूजा अर्चना हुनुका साथै हरेक वर्ष विभिन्न धार्मिक महोत्सव खास गरी, जनैपूर्णिमा, झुलन पर्व, श्री कृष्ण जन्माष्टमी, ऐतिहासिक रथ यात्रा, राधा अष्टमी, वामन जयन्ती, महाशिवरात्री मनाइदै आएको छ। जस मध्ये ऐतिहासिक रथ यात्रा यस मन्दिरको मात्र नभएर पूर्वाञ्चल बासी यसमा पनि विराटनगर बासीको गौरवमय धार्मिक पहिचान एवम् धार्मिक धरोहरको रुपमा स्थापित छ। यो रथ यात्रा एसिया महादेशकै सवैभन्दा ठूलो जगन्नाथपूरी पछिको दोस्रो ठूलो रथयात्राको रूपमा चिनिने गर्दछ। यो रथ यात्रा आममानिसको आध्यात्मिक चेतनाको अभिवृद्धि, विश्ववन्धुत्वको भावना, धार्मिक सहिष्णुता र साम्प्रदायिक सद्भावको प्रतिकको रूपमा स्थापित भएको छ।

मन्दिर स्थापना सँगै वि.सं. १९८८ साल देखि यूगल जोडी भगवान श्रीराधाकृष्ण आरूढ 'खट' यात्राबाट प्रारम्भ भएको ऐतिहासिक जात्रा वि.सं. २०२५ सालबाट स्वर्गीय वू.ज. भूपालमान सिंह कार्की एवम् स्व. सत्यनारायण धनावतद्वारा भव्य एवम् विशाल रथको निर्माण गरि निरन्तर रथयात्रा महोत्सव सञ्चालन हुँदै आएको ९४ औं महोत्सव भव्य रूपमा मनाउन र उक्त रथयात्रा महोत्सवमा नेपाल र भारतका सबै जाति, वर्ण र लिङ्गका गरि करिब ५ लाख श्रद्धालु भक्तजनहरूले प्रत्यक्ष अवलोकन गर्ने तथ्य यहाँलाई अवगत गराउन पाउँदा मन्दिर समिति गौरवान्वित महशुस गर्दछ।

सदा झै यस वर्ष पनि श्री कृष्ण जन्माष्टमीको भोलिपल्ट अर्थात मिति २०८२ साल भाद्र १ गते, आईतवार अपरान्ह ३:३० बजे यूगल जोडी भगवान् श्रीराधाकृष्ण विराजमान होईबक्सेको नव निर्मित रथ यस मन्दिरबाट प्रारम्भ भई मेनरोड, ट्राफिक चौक, रोडशेष हुँदै महेन्द्रचौक, धरान रोड, वरगाछी, दुर्गा चौक हुँदै पुन: मन्दिर परिसरमा आई पुग्दा जम्मा ४४ स्थानमा विश्राम गर्दै रथले ९ किलोमिटरको दुरी ६ घण्टाको समयावधिमा तय गर्नेछ। यसको सफल सञ्चालनका लागि यस मन्दिर कार्य समितिद्वारा रथयात्रा समारोह समिति गठन गरि सक्रिय रूपमा रथयात्राको तयारी भई रहेकोछ।

यसका अतिरिक्त ऐतिहासिक रथयात्रा महोत्सव २०८२ लाई व्यवस्थित एवम् हर्षोउल्लाहासका साथ मनाउन कोशी प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, विराटनगर महानगरपालिका, जिल्ला प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, खानेपानी संस्थान, उद्योग एवम् व्यापारीक प्रतिष्ठान लगायत विभिन्न धार्मिक संघ संस्थाहरूको प्रत्यक्ष सहयोग एवम् महत्त्वपूर्ण भूमिका रहि आएको छ। रथयात्रामा प्रयोग गरिने रच पेगोडा शैलीमा बनाईको छ। विराटनगर महानगरपालिकाको सहयोगमा यस वर्ष भगवान राधाकृष्ण विराजमान हुने आकर्षक एवं भव्य नयाँ रथ निर्माण छिमेकी राष्ट्र भारत तथा नेपालका कारीगरद्वारा निर्माण भई रहेको छ। सो निर्माणाधिन रथ कृष्ण जन्माष्टमीको भोली पल्टका दिन नगर परिक्रमा गराईने छ। नयाँ रथको उचाई २१ फिट ३ ईन्च, चौडाई १४ फिट, लम्वाई १९ फिट र जुवाको भाग ८ फिट रहेको छ। यस रथको अग्र भाग जुआबाट १६५ फिट लम्वाईको डोरी दायाँ र १६५ फिट लम्वाईको डोरी बायाँ पट्टि फैलिएको छ। जसलाई दायाँ पट्टिको लड्डामा पुरुष भक्तजन र बायाँपट्टिको लड्डामा महिला भक्तजनहरूले लड्डा समाई उक्त लट्ठालाई तानी रथ सञ्चालन गर्ने परम्परा रहि आएको छ।

उक्त रथको मध्यभागमा युगलजोडी भगवान् श्रीराधाकृष्ण लाई आरूढ गराई ५ जना पंडितजीको समुह, प्राविधिक १ जना, कमिटिको तर्फबाट १ जना गरी ७ जना रथमा रहने व्यवस्था गरिएको छ। उक्त रथको अग्र भागमा विभिन्न जातजाती, सम्प्रदाय, धर्म एवम् संस्कृति झल्कने झाँकी एवम् भजन मण्डलीहरूको ताँती रहने छ। जसले गरिव ३ किलोमिटरको लम्वाई ओगट्ने छ।

यसै परिपेक्षमा ऐतिहासिक रथ यात्रा समारोह-२०८२ लाई व्यवस्थित रूपले सञ्चालन गर्न राधाकृष्ण मन्दिर कार्य समितिबाट श्री राधाकृष्ण रथ यात्रा समारोह समिति २०८२ मन्दिर कार्यसमितिका अध्यक्ष श्री कैलाश रेग्मीज्यूको अध्यक्षतामा १००१ सदस्यीय मूल समारोह समिति गठन गरी उक्त समिति मातहत निम्न १६ वटा उपसमितिहरू निर्माण गरी संयोजक र सह संयोजकहरूको चयन कार्य समितिबाट अनुमोदन गरियो।

श्री राधाकृष्ण मन्दिर कार्य समिति

अध्यक्ष कैलाश रेग्मी, उपाध्यक्ष नन्द किशोर राठी, सचिव कृष्ण बहादुर कार्की, सह सचिव नवीनिता रिजाल, कोषाध्यक्ष नरेश राठी, सदस्यहरु अन्जुला भण्डारी थापा, राजन न्यौपाने, सुनिल पौडेल, सुजित कुमार चेल, सन्तोष महत (सन्ट्रो), सन्जय अग्रवाल, कमल प्रसाद घिमिरे, निर्माल पौडेल रहेका छन्।

श्री राधाकृष्ण मन्दिर व्यवस्थापन समिति

संयोजक श्री अन्जु कार्की, सह संयोजक लिलानाथ बराल सदस्यहरु चम्पालाल राठी, हरिबहादुर कार्की, दामोदर प्रसाद घिमिरे, पुनम कुमार गुप्ता, बाबुराजा ओझा रहेका छन्।

श्री राधाकृष्ण रथ निर्माण समिति

अध्यक्ष कपिल कुमार भण्डारी, सचिव निर्मल पौडेल, कोषाध्यक्ष निलिमा पौडेल धिमिरे सद्रस्यहरु नविनिता रिजाल अन्जुला भण्डारी थापा, कमल प्रसाद घिमिरे, श्री दिपक प्रधान रहेका छन्।

श्री राधा कृष्ण रथयात्रा समारोह उपसमिति

रथ मार्ग संकेत निर्देशन उपसमिति-संयोजक सुभाष रिजाल, सह संयोजक सन्तोष साह, सह संयोजक कुनाल गुप्ता, झाँकी व्यवस्था उपसमिति-संयोजक हिरा थापा सह संयोजक अनिल रौनियार सह संयोजक रितेश अग्रवाल, रथ श्रृङ्गार उपसमिति- संयोजक आनन्द जाजू सह संयोजक मितेश अग्रवाल, सुपरिवेक्षण उपसमिति-संयोजक डम्वर बहादुर कार्की, प्राथमिक उपचार उपसमिति संयोजक मीना जोशी, प्राविधिक उपसमिति संयोजक दिपक प्रधान, सह संयोजक विजय राजवंशी, स्यम सेवक उपसमिति- सहसंयोजक विक्की कार्की सहसंयोजक गोविन्द श्रेष्ठ सहसंयोजक अर्जुन मण्डल प्रसाद व्यवस्थापन उपसमिति-संयोजक मोहित कुमार लालवानी, सह सयोजक सोनु रौनियार रहेका छन्।

त्यसैगरी पिउने पानी व्यवस्थापन उपसमिति संयोजक सुनील साह, फोहोर व्यवस्थापन उपसमिति-संयोजक पुनम दाहाल, सोसल मिडिया विभाग उपसमिति संयोजक अभिषेक भट्टराई, सहसंयोजक सुवास भण्डारी, प्रचार प्रसार उपसमिति-संयोजक शुशिला पाठक अध्यक्ष, प्रत्रकार महासंघ मोरंग, सहसंयोजक नविनचन्द्र कर्ण, सहसंयोजक अनुज सापकोटा, सह संयोजक प्रेम देवान, अध्ययन तथा अनुसन्धान उपसमिति-संयोजक शंकर खरेल, सह संयोजक नवराज काफ्ले, नगर श्रृङ्गार उपसमिति संयोजक लल्कु सहनी, मन्दिर श्रृङ्गार उपसमिति-सन्तोष भगत, विद्युत व्यवस्थापन उपसमिति-संयोजक मोहन प्रसाद गिरी, सह संयोजक दिपक आचार्य सह संयोजक मोती दाहाल सह संयोजक रामभक्त जोशी

पुरस्कार सम्बन्धमा

श्रीकृष्ण जन्माष्टमीका दिन विभिन्न राशीका पुरस्कारहरू मध्ये "पोखरमल राठी धर्म संस्कृति पुरस्कार" यस वर्ष श्री परमार्थ सिंघिया आरती सेवा समिति, विराटनगरलाई सम्मान पत्र सहित १ लाख ९ हजार नगद राशी प्रदान गरिने छ।

यसै गरी संस्कृत अध्ययन गर्ने बटुकहरूलाई पुरस्कार राशी वितरण गर्ने हेतुले विभिन्न धर्मानुरागी महानुभावहरुले जम्मा गर्नु भएको अक्षय कोष रकमको प्राप्त व्याज रकमबाट पुरस्कार स्वरूप प्रत्येक वर्ष आयोजना हुने श्रीकृष्ण जन्माष्टमीको धार्मिक सभामा प्रदान गरिने छ। अक्षय कोषका दाताहरू निम्नानुसार रहेका छन्।

हरीदेवी चापागाईं छात्रवृत्ती पुरस्कार राशी २ हजार ५ सय, नारायण प्रसाद/महामाया भण्डारी छात्रवृत्ति पुरस्कार राशी २ हजार ५ सय, तारानाथ/पवित्रादेवी घिमिरे छात्रवृत्ति पुरस्कार राशी ३ हजार ५ सय, नथुनी प्रसाद जायसवाल छात्रवृत्ति पुरस्कार राशी २ हजार ५ सय, जगतबन्धु/अन्जु कार्की छात्रावृत्ति पुरस्कार राशी ५ हजार रहेका छन्।

विराटनगर महानगरपालिका

१. रथ सञ्चालन हुने मार्गहरू पानीट्यांकी चौक, तीनपैनी चौक, वडा प्रहरी कार्यालय, जलजला मोड, ट्राफिक चौक, भूमी प्रशासन चौक, रोडशेष चौक हुँदै महेन्द्र चौक, कोशी राजमार्ग अन्तरगत शनिमन्दिर चौक, भृकुटी चौक, बरगाछी चौकबाट पूर्व दुर्गा चौक, पानीट्यांकी चौक हुँदै पुन: मन्दिर परिषर सम्मको बाटो मर्मत सम्भार एवम् नालाका ढक्कनहरु दुरुस्त बनाउन पत्राचार गरिएको।

२. यस मन्दिर क्षेत्र नजिकका सडक एवम् रथ सञ्चालन हुने मार्गहरूमा सरसफाई गर्न पत्राचार गरिएको।

३. रथ सञ्चालन हुने मार्ग लगायत मन्दिर क्षेत्र आसपासका सडकमा सडक बत्तीको व्यवस्था दुरुस्त राख्न पत्राचार गरिएको।

४. रथ यात्राका दिन दमकल, नगर रक्षक, मावन एवम् भौतिक सम्साधनहरुलाई दुरुस्त हालतमा राख्न म.न.पा. लाई पत्राचार गरिएको।

५. श्री कृष्ण जन्माष्टमी एवम् रथयात्राको प्रचारप्रसारका लागि नगर क्षेत्रभित्र माइकिङ्गो व्यवस्था मिलाईदिन पत्राचार गरिएको।

६. विगत वर्षहरूमा रथ यात्रा दर्शनार्थीहरूले यात्राका क्रममा भोग्नु परेका समस्याहरू मध्ये दिउँसोको समयमा शौच त्याग गर्ने उचित सार्वजनिक शौचालयको अभावमा सास्ती खेप्नु परेको अवस्थालाई मध्यनजर गर्दै तहाँ कार्यालय मातहतमा रहेका घुम्ती शौचालय हरूलाई परिचालन गर्नुका साथै रथयात्रा समारोह समितिका तर्फबाट पनि उचित स्थानहरूमा अस्थाइ रूपमा मुत्रत्याग गर्ने व्यवस्था मिलाउन म.न.पा. समक्ष पत्राचार गरिएको।

७. प्रत्येक वर्ष मनाईने यस ऐतिहासिक रथ यात्रा सञ्चालानार्थ लाग्ने खर्चको केही अंशको व्यवस्था नगर परिषदबाटै पास गरी आवश्यक रकमको सुनिश्चित गर्न हार्दिक अनुरोध गरिएको।

जिल्ला प्रहरी कार्यालय मोरङ

१. मिति २०८२ श्रावण ३१ गते श्री कृष्णजन्माटमीका दिन प्रात: ५ बजेदेखि मध्यरात १२ बजेसम्म सुरक्षाकर्मी खटाईदिन अनुरोध छ।

२. मिति २०८२ साल भाद्र १ गते मध्यान्ह १ बजेदेखि रथ सञ्चालन हुने रुटहरूमा सुरक्षाकर्मी परिचालन गरी सडक लोक सांस्कृतिक नृत्य प्रर्दशन गर्ने टोलीहरूलाई आवश्यक सहयोग एवम् सुरक्षा प्रदान गर्नुका साथै मध्यन्ह ३ बजेबाट रथयात्रा प्रारम्भ हुने भएको हुँदा सोको उचित सुरक्षा प्रदान गरिदिनु हुन अनुरोध छ। रथ प्रस्थान पश्चात: रथको विश्राम स्थान निम्न रहेका छन्।

राधाकृष्ण मन्दिर गेट अगाडी, तीनपैनी, धनावत निवास अगाडी, शंकरपुर जाने मोड, विराटेश्वर महादेव मन्दिर, महानगरपालिका चौक, गोल्छा चौक, वडा प्रहरी कार्यालय, सत्यनारायण मन्दिर, सातघुम्ती, जैन भवन अगाडी, मुक्तिनाथ विकास वैक अगाडी, जलजला मोड, काली मन्दिर, बाटा गल्ली चौक, मयुरीइ छापाखाना अगाडी, पञ्चमुखी हनुमान मन्दिर, राष्ट्रिय वाणिज्य बैक, कर कार्यालय, ट्राफिक चौक, संसारी माईस्थान अगाडी, एक्वापार्क जाने मोड, भूमी प्रशासन चौक, रोडशेष चौक, कलेज मोड, बस पार्क, महेन्द्र चौक एन.आइ.डो.सी. भवन, सरौचिया चौक, महावीर रोड चौक, शनिमन्दिर चौक, भाटभटेनी अगाडी, शिव मन्दिर चौक, सत्यनारायण मा.वि. भृकुटी चौक, विद्युत प्राधिकरण, विराट नर्सिङ्ग होम चौक, मुनालपथ चौक, बरगाछी चौक, बासुकीनाथट मन्दिर मोड, शंकरपुर जाने बाटो मोड, दुर्गा चौक, पानीट्यांकी चौक, राधाकृष्ण मन्दिर गरी जम्मा ४४ ठाउँमा रथ रोकिन्छ।

जिल्ला ट्राफिक कार्यालय मोरङ

१. मिति २०८२ श्रावण ३१ गते श्री कृष्ण जन्माटमीका दिन प्रात: ५ बजेदेखि साँझ ५ बजेसम्म तीनपैनी चौकदेखि पानीट्यांकी चौकसम्म सिटि रिक्सा, मोटरसाइकल, हल्का तथा भारी सवारी साधनहरूलाई प्रवेशमा रोक लगाई भक्तजनहरूको आवगमन सहज गरिदिन हुन अनुरोध छ।

२. मिति २०८२ साल भाद १ गते रथयात्राका दिन विहानै देखि रथले तय गर्ने मार्गहरूमा चेतनामूलक सन्देश प्रवाहका लागि माइकिङ गराईदिन हुन अनुरोध छ। (माइक र सवारी साधनको व्यवस्था आयोजक समितिले गर्नेछ।)

३. रथ यात्राका क्रममा समग्र ट्राफिक व्यवस्थापन गर्न अनुरोध छ।

कोशी प्रदेश प्रहरी कार्यालय शोभा रथ यात्राका लागि प्रहरी बैण्ड उपलब्ध गराईदिन हुन अनुरोध गरिएको।

कोशी प्रदेश प्रहरी तालिम केन्द्र राधाकृष्ण रथ यात्रा महोत्सवमा रथको अग्र भागको दुवैपट्टी जडित करिब १६५/१६५ फुट लम्वाई भएका रथ तान्ने डोरी नियन्त्रण गर्नका लागि पि.टि. ड्रेसका महिला सुरक्षाकर्मी १०० र पुरुष सुरक्षाकर्मी १०० गरी जम्मा २०० जना सुरक्षाकर्मी उपलब्ध गराई दिनु हुन अनुरोध गरिएको छ।

ससस्त्र प्रहरी बल :- रथ यात्राको क्रममा रथको विशेष सुरक्षा, मन्दिर परिसरको सुरक्षा एवम् संवेदनशील क्षेत्रको सुरक्षा प्रदान गरिदिन अनुरोध छ।

नेपाल विद्युत प्राविधिकरण :-

१. रथ परिक्रमा गर्ने मार्गहरूमा जडित विद्युत पोलका तारहरूको सञ्जाललाई व्यवस्थित गरी जमिनबाट न्युनतम २५ फिट उचाईमा राख्ने व्यवस्था मिलाई दिन अनुरोध गरिएको छ।

२. रथयात्राका क्रममा विद्युतिय दुघर्टना हुन नदिन सबै उपाय अवलम्ब गरी साधन स्रोत सम्पन्न प्राविधिक टोली रथयात्राको अवधि भरी सक्रियरूपमा कार्यक्षेत्र परिचालन गर्न अनुरोध छ।

३. श्री कृष्ण जन्माष्टमी र रथ यात्राका दिन नियमित रुपमा विद्युतलाईन प्रवाहका लागि ने.वि.प्राविधिकरण प्रसारण ग्रिड, पूर्व शाखा, दुहवीसँग समन्वय गरी निरन्तर विद्युत प्रसारण गर्न अनुरोध गरिएको छ।

नेपाल टेलिकम विराटनगर

१. रथ परिक्रमा गर्ने मार्गहरूमा टेलिकमका पोलहरूमा जडित केवलको सञ्जाललाई व्यवस्थित गरी रोडक्रस गर्ने इन्टरपोल कनेक्सन केवललाई जमिनबाट न्युनतम २५ फिट उचाईमा राख्ने व्यवस्था मिलाउन अनुरोध गरिएको छ।

२. रथयात्राको अवधिभरि साधन स्रोत सम्पन्न प्राविधिकहरू खटाई सहयोग गरिदिन अनुरोध गरिएको छ।

३. त्यस कार्यालयको मातहतमा रहेका पिक अप भ्यान थान-१ र कर्मचारीहरुद्वारा सञ्चालित एम्बुलेन्स गाडी उपलब्ध गराई सहयोग गरिदिन अनुरोध गरिएको छ।

केवल च्यालन एवम् नेट प्रदायक संघ/संस्थाहरु

रथले तय गर्ने रूटहरूमा जडित केवलहरू जमिनबाट न्यूनतम २५ फिटको उचाईमा राख्ने व्यवस्था मिलाई दिन अनुरोध गरिएको छ।

कोशी अञ्चल अस्पताल, विराटनगर

रथ यात्राको दिन उक्त अस्पतालबाट एम्बुलेन्सका साथै प्रर्याप्त औषधी उपचारका सामाग्री सहितको स्वास्थ्यकमी 'हरूको टोली पठाई सहयोग गरिदिन अनुरोध छ। यसका अतिरिक्त रथ यात्राका दिन भवितव्य भईपरि आउने दुर्घटनालाई मध्य नजर गर्दै अस्पतालमा आवश्यक चिकित्सक एवम् औषधी उपचारको उचित व्यवस्थापन गर्न अनुरोध गरिएको छ।

नेपाल खानेपानी संस्थान

श्रीकृष्ण जन्माष्टमी र त्यसको भोलिपल्ट मनाइने ऐतिहासिक रथयात्राका क्रममा विभिन्न स्थानबाट पाल्नु हुने श्रद्धालु भक्तजनहरूको सुविधाका लागि उक्त दुबै दिन निरन्तर खानेपानी वितरणको उचित व्यवस्था मिलाउन अनुरोध गरिन्छ।

रेडक्रस सोसाइटी

एम्बुलेन्सका साथ प्राथमिक उपचारका लागि औषधी र उपचारका सामाग्री सहित स्वास्थ्यकर्मी उपलब्ध गराईदिन अनुरोध गरिएको छ।

आम सञ्चार माध्यम

विराटनगर धार्मिक आस्था को केन्द्र, धार्मिक धरोहरको रूपमा स्थापित यो ऐतिहासिक रथ यात्राको प्रचार प्रसार गरी क्षेत्रिय, राष्ट्रिय एवम् अन्तराष्ट्रिय रूपमा यसको धार्मिक महत्व एवम् ख्यातीलाई उजागर गर्न सहयोगका लागि रथयात्रा समारोह समिति सम्पूर्ण आम सञ्चारसँग आवद्ध पत्रकार साथीहरूसँग हार्दिक अपिल गर्दछ।

अन्त्यमा, औद्योगिक एवम् धार्मिक नगरी विराटनगरमा मुलककै महत्वपूर्ण र धार्मिक क्षेत्रमा उल्लेखनिय महोत्सवका रूपमा सञ्चालन भई आएको श्री राधाकृष्ण रथयात्रा महोत्सव २०८२ सहयोग र सद्भावका लागि सम्पूर्ण नगरबासी दाजुभाई दिदीबहिनीहरूमा हार्दिक अनुरोध गर्दछौ।

भवदीय, कैलाश रेग्मी
अध्यक्षश्रीराधाकृष्ण रथ यात्रा समारोह समिति-२०८२
पानीट्यांकी, विराटनगर-१



# कोशी प्रदेशबाट २६ हजार ७०५ किलोग्राम भन्दा बढी लागुऔषध गाँजा बराम

विराटनगर । कोशी प्रदेशको १४ वटा जिल्लामा रहेका प्रहरीकार्यालयहरुबाट आर्थिक वर्ष २०८१/०८२ मा २६ हजार ७०५ किलोग्राम भन्दा बढी लागुऔषध बरामद गरी १७ लाख ७२ हजार भन्दा बढी विरुवाहरु नष्ट गरेका छन् ।



कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर

बढ्दो लागू औषध गाँजाको ओसारपसार तथा वेचबिखन लाई नियन्त्रण गर्न आक्रमक रुपमा परिचालन भएको प्रहरी टोलीले आर्थिक वर्ष २०८१/०८२ मा जिल्ला प्रहरी कार्यालय सुनसरीले १२ हजार ३७५ किलो ९२९ ग्राम, जिल्ला प्रहरी कार्यालय मोरङले ६ हजार ६५० किलो ४०० ग्राम, जिल्ला प्रहरी कार्यालय धनकुटाले ४ हजार १९४ किलो ३०० ग्राम, जिल्ला प्रहरी कार्यालय उदयपुरले १ हजार ८१० किलो ४८४ ग्राम, जिल्ला प्रहरी कार्यालय झापाले १ हजार ६५१ किलो २८२ ग्राम सहित बिभिन्न प्रहरी कार्यालयबाट परिचालित प्रहरी टोलीले जम्मा २६ हजार ७०५ किलो ५३८ ग्राम ९७ मि.ग्राम गाँजा बरामद गरेको छ ।

बेचबिखन तथा ओसार पसारमा संलग्न रहेका १ सय ६५ जना पुरुष र २४ जना महिला सहित ओसार पसारमा प्रयोग भएको ३१ वटा चारपाङ्गे सवारी साधन र ७५ वटा दुईपाङ्गे सवारी साधन नियन्त्रणमा लिएको छ ।

त्यसै गरी खेतबारीमा आफै उम्रेका तथा लगाएको गाँजाको बोट तथा बेर्नाहरु नष्ट गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय धनकुटाले १२ लाख ५९ हजार बोट तथा बेर्ना, भोजपुरले २ लाख ८४ हजार ६८० बोट तथा बेर्ना, उदयपुरले १ लाख ६८ हजार ४९२ सय बोट तथा बेर्ना, सोलुले २९ हजार ७ सय ५५ बोट तथा बेर्ना, खोटाङले २६ हजार २०० बोट तथा बेर्ना सहित बिभिन्न प्रहरी कार्यालयबाट परिचालित प्रहरी टोलीले जम्मा २ हजार ४ सय ६४ रोपनी क्षेत्रफलमा लगाएको १७ लाख ७२ हजार भन्दा बढी गाँजाको बोट तथा बेर्नाहरु नष्ट गरेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले कोशी प्रदेशमा लागूऔषध गाँजाको प्रयोग, बेचबिखन, ओसारपसारलाई नियन्त्रण गर्न तथा ओसारपसारमा संलग्न व्यक्तिहरुलाई कडाईका साथ कानूनी दायरामा ल्याउदै आएको छ । प्रहरीले चेकजाँचमा कडाई गरेकै कारण बिरामी बोक्ने एम्बुलेन्स, नक्कली सरकारी नम्बर प्लेट लगाएको सवारी साधन, तरकारी बोक्ने गाडी, मोटरसाईकल लगायत साना ठुला सवारी साधनमा लुकाएर र कोशी नदीमा पानीमा बगाएर तथा जमिन मुनी गाडेर लुकाई छिपाई गरिने लागू औषध गाँजाको ओसार पसार, कारोवार समेतलाई बिशेष सुचना तथा अनुसन्धानको आधारमा बरामद गर्न सफल भएको छ ।

लागू औषध गाँजाको ओसार पसार,वेचविखन तथा गाँजाको बोट र बेर्ना नष्ट गर्ने कार्यमा प्रहरीलाई साथ र सहयोग प्रदान गर्न हुन तथा त्यस्ता कार्य भए गरेको थाहा पाएमा नजिकको प्रहरी तथा प्रहरी कन्ट्रोलको नम्बर १०० मा फोन गरी सुचना प्रदान गरी दिन हुन सम्पुर्ण महानुभावहरुमा कोशी प्रदेश प्रहरी विनम्र अनुरोध गरेको छ ।

# सरभर डाउन भएको कारण सेवाग्राही समस्यामा

पदम कुमार सरदार

विराटनगर । स्वास्थ्य बीमा बोर्डले सञ्चालन गर्दैआएको स्वास्थ्य बिमा प्रयोग कर्ताहरु यतिबेला सर्वर डाउन भएका कारण गम्भीर संकटमा परेको सेवाग्राहीहरुले गुनासो गरेका छन् । सेवाग्राहीहरुले ततकाल सर्वर सञ्चालन गर्न स्वास्थ्य बीमा बोर्डलगायत (रेफर) लिने प्रक्रिया रोक्न सरोकारवालाई आग्राह गरेका छन् ।

स्वास्थ्य बीमा बोर्डले साउन १ गतेदेखि 'प्रथम सेवा विन्दु' बाट हटाउने निर्णय गरेका कारण स्वास्थ्य बिमा प्रयोग कर्ताहरु यतिबेला सर्वर डाउनको गम्भीर संकटमा परेको सेवाग्राहीहरुले गुनासो गरेको हो । स्वास्थ्य बीमा बोर्डको असार १९ गते बसेको बैठकले संघीय सरकार मातहतका सबै अस्पताललाई 'प्रथम सेवा विन्दु' बाट हटाउने निर्णय गरेको थियो ।

उक्त निर्णयानुसार अब बीमित बिरामीहरूले कोशी अस्पतालमा उपचार गर्न स्थानीय वा जिल्ला अस्पतालबाट सिफारिस ( रेफर) लिनुपर्नेछ । यसअघि कोशी अस्पतालले 'प्रथम सेवा विन्दु' तथा रेफरल केन्द्र दुवैको रूपमा सेवा दिँदै आएको थियो । सेवा पाईरहेका विरामीहरु अस्पतालमा पुग्दा एका एक बिमाको सर्वर डाउन हुनु सेवा नपाउनु लामो लाइनमा बस्नु पर्ने सेवाग्राही दुर्गा सुवेदीको भनाई छ ।

उहाँले स्वास्थ्य बीमा बोर्डले गरेको निर्णय ततकाल फिर्त लिएर पहिलाको जस्तै बिमा सेवा प्रभाव गर्न माग गरेको छ । बोर्डका निर्णयले विराटनगर महानगर क्षेत्रभित्रका करिब १ लाख १६ हजार ३ सय ६० जना बीमितहरूलाई प्रत्यक्ष असर पुग्ने देखिएको छ ।

विराटनगरसंग जोडीएको गाउँपालिकाका बीमितहरूलाई समेत प्रत्यक्ष असर पुग्ने देखिएको छ । अस्पतालको तथ्याङ्कअनुसार महिनामा ३० दिन सेवा दिने हो भने दैनिक औसत ८ सय ५१ जना बिरामी कोशी अस्पतालमा सेवा लिन आउने गरेका छन् । जसमध्ये ४ सय १७ जनाले बीमा मार्फत उपचार सेवा लिन्छन् । तीमध्ये झन्डै २ सय ५० जना बिरामीले प्रथम सेवा विन्दुको हैसियतमा उपचार सेवा लिने गरेको अस्पतालको तथ्यांकमा उल्लेख छ ।

यता यस विषयमा कोशी अस्पताल विकास समितिका अध्यक्ष डा. फरवाड सिलवालसंग जिज्ञासा राख्दा अस्पतालमा आउने बीमितहरू सर्वर डाउन र रेफरका कारण पाउने असुविधा प्रति चिन्ता व्यक्त गरेका छन् । उहाँले यस विषयमा तत्काल पहल गर्ने प्रतिवद्धता समेत जनाएको छ ।

बीमा बोर्डको निर्णय सच्याउन पत्राचार गरी माग गरीसकेको वताउँदै अध्यक्ष सिलवालका अनुसार कोशी अस्पतालमा आउने अधिकांश बिरामी आर्थिक रूपमा कमजोर वर्गका हुन्छन् र अब रेफर नलिएसम्म सेवा नपाउने भएपछि ती बिरामीहरूको उपचारमा समस्या पर्छ । स्वास्थ्य बिमा बोर्डको यो निर्णय सच्याउन सवै सरकारवालाहरुले आग्रह गरेका छन् ।




# मनोरम स्थल अन्तु पोखरी इलाम

दृष्य अवलोकन र मनोरम गन्तव्य बनेको अन्तु पोखरी अहिले पर्यटक स्थलको हब बनेको छ । इलाम जिल्लाको सूर्यदय नगरपालिका-४ स्थित पूर्वी नेपालका पर्यटकीय स्थानहरुमध्ये इलामको अन्तु पोखरीमा पनि पर्यटकहरुको घुईचो लाग्ने गरेको छ ।

अन्तु पोखरी, नेपालको पूर्वी भागमा रहेको इलाम जिल्लामा अवस्थित एक प्राकृतिक ताल हो । यो ताल समुद्री सतहबाट २ हजार ३ सय २८ मिटरको उचाइमा रहेको छ र हरियाली डाँडाहरू र जङ्गलहरूले घेरिएको छ । यसलाई "अन्तु डाँडा पोखरी" पनि भनिन्छ ।

यसको रमणीय दृश्य र शान्त वातावरणका कारण अन्तु पोखरी एक लोकप्रिय पर्यटकीय गन्तव्य रहेको स्थानीय जानकार प्रेम प्रसाद घिमिरे भन्नु हुन्छ । यो पोखरी पहिला गौचर रहेको थियो । गौचरमा गाई भैसी चराउने गर्थ्यो । अन्तु डाँडामा बसोवास गर्ने मानिसहरुले गाई वस्तुलाई पानी खुवाउन वरिपरि बाँध बाँधेर पानी जमाएको स्थानीय जानकार घिमिरेको भनाई छ ।

यसरी पानी जमेको ठाउँ पछि पोखेरीको रुपमा परिणत भएको उहाँले बताउनुभयो । पछिलो समय विकसित हुँदै अन्तु पोखरी स्थानीय समुदायका लागि ताजा पानीको महत्त्वपूर्ण स्रोत र माछा र कछुवालगायत विभिन्न जलचरहरूको घरको रुपमा स्थापीत भएको छ । भने पर्यटकहरुका लागि रमणीय ठाउँ बनेको छ । यो ताल चिया बगानले घेरिएको छ । यहाँ आउने पर्यटकहरूले ताल र वरपरका डाँडाहरूको सुन्दर दृश्यको आनन्द लिनुका साथै डुङ्गा चलाउने, माछा मार्ने र चरा अवलोकन गर्ने जस्ता गतिविधिहरू अवलोकन गर्न आउने गरेको अर्का स्थानीय जानकार ठाकुर मुखिया भन्नु हुन्छ ।

यो पोखरी प्राकृतिक हो, यहाँ कुनै पनि भेलबाट पानी आउँदैन् वर्षभरि नै पोखरीमा पानी रहन्छ । अन्तु पोखरी भ्रमण गर्नको लागि कार्तिक र मंसिर, चैत बैशखा महिना उत्तम मानिन्छ, जब मौसम सुहाउँदो हुन्छ र आकाश सफा हुन्छ । दृष्य अवलोकन र मनोरम गन्तव्य बनेको अन्तु पोखरी डाँडा झापा जिल्ला बिर्तामोडको चारलीदेखि उत्तर ५० किलोमिटर पहाडी यात्रा गरेपछि इलामको कनियम पुगिन्छ, कनियमबाट करिब १५ किलोमिटर उत्तर पूर्व पहाडी यात्रा गरेपछि अन्तु पोखरी र श्रीअन्तु डाँडा पुगिन्छ । अन्तु पोखरी डाँडाबाट पूर्वमा मेची नदी तथा पश्चिममा कमला नदी र उत्तरतर्फ कञ्चनजंघा, मकालु, सगरमाथा लगायतका हिमालहरु हेर्न बाहिरीय र आन्तरिक पर्यटकहरु बढी आउने गरेको स्थानीय धन्नज्य दुलालको भनाई छ ।

अन्तु पोखरी र श्रीअन्तु डाँडामा बनभोज खान र दृश्यावलोकन गर्न आगन्तुक हरु सधै जसो भिड लाग्ने गर्छ । तराईका सुन्दर फाँटको अवलोकन, बिहानको सुर्योदय र साँझको सुर्यास्तको लोभलाग्दो दृष्य अवलोकन गर्न अन्तु पोखरी र श्रीअन्तु डाँडाले आकर्षित गर्ने गरेको छ । तर्स्थ अन्तु पोखरी र श्रीअन्तु डाँडा पर्यटक क्षेत्रको अझ दृघकालिन विकास गर्न स्थानीय र सरोकावला निकाय बिच सहकार्य हुनु आवश्यक छ ।

# लागुऔषध सिहत मेडिकल संचालक पक्राउ

विराटनगर । मोरङको केरावारी गाउँपालिका-७ स्थितमा रहेको मुगु मेडिकलबाट प्रतिबन्धित लागू औषधी सहित मेडिकल संचालक बेलबारी नगर पालिका-८ का २८ बर्षीय मनिष कुँवरलाई प्रहरीले पक्राउ गरेको छ ।

साउन १३ गते मंगलबार बिहान मेडिकलबाट प्रतिबन्धित लागू औषधीको कारोबार भईरहेको भन्ने विषेश सूचनाको आधारमा इलाका प्रहरी कार्यालय केराबारी र लागू औषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले उक्त मेडिकल खानतलासी गर्दा लुकाई छिपाई राखेको अवस्थामा डिकोलिक ४ हजार ५ सय ट्याब्लेट र ट्रामाडोल ४ हजार ५ सय ट्याब्लेट बरामद गरेको थियो ।

प्रतिबन्धित लागू औषधी सहित पक्राउ परेका कुँवरको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।

# संघिय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न पत्रकारिता क्षेत्रको महत्वपूर्ण भूमिका

विराटनगर । सङ्घीय लोक तान्त्रिक गणतन्त्रलाई सदृढ गर्न पत्रकारिता क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताएका छन्

प्रेस चौतारी नेपाल मोरङले मंगलवार आयोजना गरेको जनार्दन मैनाली स्मृति पत्रकारिता पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै उहाँले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न पत्रकारिता क्षेत्रले आफ्नो ठाउँवाट भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए ।




लोकतन्त्रका लागि पत्रकारिता क्षेत्रले खेलेको भूमिका स्मरणीय गरेको चर्चा गर्दै यो क्षेत्रलाई बलियो बनाएर लैजानुपर्ने भन्दै मुख्यमन्त्री कार्कीले अहिलेदेखिका प्रदेशका सबै समस्याहरू बिस्तारै हल भएर जाने र यो वर्ष झन् उत्कृष्ट काम हुने दावी गरेका थिए ।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले गत वर्ष चालु र पूँजीगत गरी ८१ प्रतिशत खर्च गरी सात प्रदेशमा पहिलो भएकोमा सम्पूर्ण नागरिकहरु लाई वधाई दिदै राजनीतिक स्थायित्वको कारण प्रदेश सरकारले गर्त वर्ष आन्तरिक राजश्व चार अर्व ९८ करोड लक्ष्य लिएकोमा ९८ प्रतिशत संकलन गर्न सफल भएको र यो अघिल्लो आर्थिक वर्ष भन्दा सात दशमलव पाँच प्रतिशतले वृद्धि भएको जानकारी गराएका थिए ।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारको विषयमा सुशासन का सम्वन्धमा उठेका प्रश्नहरु को यथाशिघ्र हल गरी वेरुजु घटाउने र नागरिकलाई सुशासनको प्रत्याभूति दिने प्रतिवद्धता व्यक्त गर्दै उहाँले प्रदेश सरकारले ल्याएको प्रदेश संचार प्रतिष्ठान विधेयक प्रदेश सभामा छलफलको क्रममा रहेको जानकारी दिँदै छिटै पास हुने र त्यसका माध्यमवाट सञ्चारकर्मीको स्वास्थ्य विमा लगायत वृत्ति विकासमा योगदान पुऱ्याउने जानकारी जानकारी गराएका थिए ।

कार्यक्रममा प्रेस चौतारी नेपालका निवर्तमान अध्यक्ष सुदीप कोइरालालाई नगद १५ हजार सहित स्वर्गीय जनार्दन मैनाली पुरस्कारबाट सम्मानित गरिएको थियो । हरेक वर्ष प्रेस चौतारी मोरङले यो पुरस्कार प्रदान गर्दै आएको छ । कार्यक्रममा नेपाल पत्रकार महासंघ कोशीका अध्यक्ष भरत खड्काले पत्रकारिता क्षेत्रमा काम गर्नेलाई प्रदान गर्ने पुरस्कारले उर्जा गर्ने वताएका थिए ।

चौतारी मोरङकी अध्यक्ष चिना थापा अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## अर्थतन्त्रको...

राज्यले कृषि, सेवा, पर्यटन, ऊर्जा र पूर्वाधारमा समेत गुणात्मक सुधार ल्याउन सक्छ । उदाहरणका लागि साना किसानहरूलाई उत्पादनपछि उत्पादित वस्तु बिक्रीका लागि बजार र मूल्य सुनिश्चित गर्न सक्ने उद्योगिक संयन्त्र बनाइयो भने कृषिमा युवाको आकर्षण बढ्न सक्छ । आज लाखौं रोपनी जमिन बाँझो छ किनभने किसानलाई न मल छ न औजार न प्रविधि न त मूल्यको निश्चितता त्यसमा आधारित कृषिजन्य उद्योग नहुनु कृषि क्षेत्रको अवमूल्यनको मूल कारण हो ।

नेपालमा श्रमको सम्मान गर्ने परिपाटी कमजोर रहेको तथ्य पनि स्वीकार गर्नैपर्छ । यही मानसिकता प्रवृत्तिका कारण युवाहरूले कृषि, निर्माण, सेवा जस्ता क्षेत्रमा काम गर्न चाहँदैनन् । कामको आधारमा हैसियत तोक्ने सामाजिक दृष्टिकोणले उत्पादनमुखी श्रमको अवमूल्यन गरेको छ । पश्चिमी देशहरूमा जस्तो "सजिलो अप्ठ्यारो होइन काम काम हो" भन्ने भावना नेपालमा विकास हुन नसक्दा पनि उद्योगहरू जनशक्ति अभावले चल्न नसकेको अवस्था देखिन्छ ।

यो समस्याको समाधान भनेको लामो अवधिको योजनाबद्ध दृष्टिकोणबाट आउन सक्छ । राज्यले प्रदेशगत रूपमा प्रत्येक वर्ष कम्तीमा एक ठूला उद्योग स्थापना गर्ने नीति लिने हो भने एक वर्षमा ७ वटा प्रमुख उद्योग स्थापना गर्न सकिन्छ । यस्ता उद्योगले सयौं श्रमिकलाई प्रत्यक्ष रोजगारी दिनेछन् भने अप्रत्यक्ष रूपमा हजारौंलाई रोजगारी दिने छन् । उद्योगको विकासले व्यापार घाटा घटाउने मात्र होइन निर्यात प्रवर्द्धनमा समेत टेवा पुग्छ । आज नेपालमा २ खर्बभन्दा बढीको वार्षिक व्यापार घाटा रहेको छ । कृषि आधारित उद्योग स्थापना गरियो भने मात्रै यो घाटालाई न्यूनीकरण गर्न सकिन्छ ।

अर्को महत्वपूर्ण पक्ष उद्योगमा लगानी गर्न चाहनेहरूका लागि वातावरण बनाउन सरकार पूर्णरूपमा चुकिरहेको छ । लगानीमैत्री संरचना भनेको न त केवल नीतिमा उल्लेख हुनु हो न त बोर्ड गठन गर्नु मात्र हो त्यसको व्यवहारिक कार्यान्वयन हुनुपर्छ । उद्योगीले सहज ऋण पाउनुपर्छ, प्राविधिक सहयोग पाउनुपर्छ, कर छुट वा अनुदान पाउनुपर्छ । तर हाम्रो देश नेपालमा उद्योग स्थापना गर्न खोज्नेले पहिला डोजर किन्ने होइन भ्रष्टाचार हटाउने उपाय खोज्नुपर्छ भन्ने ठट्टा गर्नु पर्ने अवस्था छ ।

अन्ततः प्रश्न उठ्छ के नेपाल सरकार उद्योग स्थापना र विकासप्रति गम्भीर छ ? जवाफ अहिलेको अवस्थालाई हेर्दा छैन भन्नैपर्छ । राजनीतिक अस्थिरता, स्पष्ट नीति अभाव, कार्यान्वयनमा कमजोरी, प्रशासनिक ढिलासुस्ती र भ्रष्टाचार यी सबैले उद्योग स्थापनाको सपना अधुरै बनाइरहेका छन् । युवाहरू देशभित्र काम गर्न चाहन्छन् तर अवसर छैन उद्योग सञ्चालनमा रहेका समस्या समाधान नगरी नयाँ उद्योग स्थापना कसरी सम्भव होला ?

यदि राज्यले विकासमा साँच्चिकै चासो राख्ने हो भने पहिलो प्राथमिकता स्वरूप हरेक वर्ष एक ठूला उद्योग स्थापना गर्ने नीति लिई त्यसमा संसाधन केन्द्रित गर्नुपर्छ । त्यसका लागि प्राविधिक जनशक्ति उत्पादन, पूर्वाधार निर्माण, वैदेशिक लगानी भित्र्याउने वातावरण, श्रम सम्मान गर्ने शिक्षा र भ्रष्टाचार विरुद्धको कठोर नीति लागू गर्नुपर्छ । हाम्रो देश नेपालमा बेरोजगारी हटाउन, आर्थिक विकास गर्न, वैदेशिक रोजगार विस्थापन गर्न र व्यापार घाटा न्यूनीकरण गर्न चाहिने एउटै माध्यम हो उद्योगको विकास राज्यले ढिलासुस्ती, अनिश्चितता र आश्वासनको राजनीति बन्द गरेर योजनाबद्ध, प्रभावकारी, पारदर्शी र इमान्दार कार्यशैलीमा प्रवेश गरेमात्र यो सम्भव छ । आज होइन भने भोलिको पुस्ताले राज्यको अकर्मण्यता झनै गम्भीर मूल्य चुकाउनुपर्नेछ ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )

**ट्राफिक नियमको पालना गरौं ।**
**सडक सुशासन कायम गरौं ।।**

# २० करोड ४० लाख भन्दा बढीको राजश्व संकलन

विराटनगर । कोशी प्रदेश प्रहरीले भन्सार छली तथा चोरी तस्करी नियन्त्रणमा विशेष सक्रियताका साथ प्रहरी परिचालन गरेको कारण आर्थिक बर्ष २०८१/०८२ मा २० करोड ४२ लाख भन्दा बढीको भन्सार छलीको सामग्री बरामद गरेको छ ।

विशेष गरी खुल्ला सिमाना भएको कारण हुने चोरी तस्करीका घटनाहरु नियन्त्रण गर्न सिमा क्षेत्र तथा आसपासका नाकाहरूमा चेकजाँचमा कडाई तथा सुरक्षा व्यवस्था मजबुद बनाएको कारण राजश्वा संकलन गरेको हो ।

जिल्ला प्रहरी कार्यालय झापाले भन्सार छलीका सामग्री बरामद गरी ७ करोड ३ लाख भन्दा बढी राजश्व संकलन गरेको छ भने मोरङले ५ करोड ५६ लाख भन्दा बढी, सुनसरीले ४ करोड २३ लाख भन्दा बढी, ताप्लेजुङले १ करोड ४ लाख भन्दा वढी, उदयपुरले ९६ लाख भन्दा बढी, इलामले ७० लाख भन्दा बढीको भन्सार छली तथा चोरी निकासीको सामाग्रीहरु बरामद गरी राजश्व संकलन गरेको छ ।

त्यसैगरी प्रदेशका अन्य विभिन्न जिल्लाहरुबाट समेत भन्सार छली गरी हुने अवैध सामानको ओसारपसार नियन्त्रण गर्न कडाईका साथ प्रहरी परिचालन हुँदा आर्थिक बर्ष २०८१/०८२ मा २० करोड ४२ लाख भन्दा बढी राजश्व संकलन तथा ओसार पसारमामा प्रयोग गरिएका ८९ वटा सवारी साधन र संलग्न ८५ जना व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रदेश प्रहरी कार्यालय विराटनगर भन्सारछली तथा चोरी, तस्करी नियन्त्रण गर्न र चोरी तस्करीमा संलग्न हरूलाई कानूनी दायरामा ल्याउन चेकजाँचमा कडाई, प्रविधिको प्रयोग र निग्रानी सहित सक्रियरुपमा अगाडी बढी रहेको छ ।




# लागुऔषध सहित १२ पक्राउ

विराटनगर । सुनसरी र झापाबाट लागू औषध सहित १२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

साउन १५ गते विहीवार का दिन सुनसरीको इलाका प्रहरी कार्यालय धरानले चेकजाँचको क्रममा धनकुटा साँगुरीगढी-८ का बिरेन राई र मोहन राईलाई २३ किलो ८४० ग्राम गाँजा सहित र इटहरी-७ का कार्लोस रिजाललाई २५० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रण मा लिएको थियो ।

प्रहरी कार्यालय पकलीले भोजपुर हतुवागढीका बिसु राई र निनोस राईलाई १ किलो २०० ग्राम गाँजा सहित नियन्त्रणमा लिएको थियो । त्यसै गरी प्रहरी चौकी रामगंज बेलगछियाबाट खटिएको प्रहरी टोलीले दुहबी नगरपालिका-१२ स्थितमा वेवारिसे अवस्थामा रहेको प्रदेश १-०२-०४९ प ३८९१ नम्बरको मोटरसाईकलमा २० किलोग्राम गाँजा बरामद गरेको थियो ।

झापाको अस्थायी प्रहरी चौकी मंगलबारेले बुद्दशान्ती-४ का लक्ष्मी कुमार घिसिङलाई ३६० ग्राम गाँजा सहित पक्राउ गरेको थियो ।

साउन १३ गते मंगलबार सुनसरीको इनरुवा नगर पालिका-४ स्थितमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा ८ ग्राम १ सय १६ मिलिग्राम ब्राउन सुगर सहित बेचबिखनमा संलग्न मोरङ उर्लाबारी-१ का २४ बर्षीय किरण विश्वकर्मा, इटहरी- ६ का ३६ बर्षीय प्रविन तामाङ, सुन्दरहरैचा- ६ का २४ बर्षीय कुमार राई, इटहरी- १७ का २९ बर्षीय सोबित तामाङलाई पक्राउ थियो ।

त्यसै गरी इलाका प्रहरी कार्यालय महेन्द्रनगरले बराहक्षेत्र नगरपालिका-१ बाट ५० बर्षीय राजु शर्मालाई उनको घर नजिकै बाखाको खोरमा लुकाई छिपाई राखेको ट्रामाडोल २ हजार १ सय क्याप्सुल र स्पास्मो प्रोक्सिभन ५ सय ४० ट्याब्लेट सहित राजु शर्मा र उनको श्रीमती ३२ बर्षीया रिता शर्मालाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका उनिहरुको सम्वन्धित प्रहरी कार्यालयबाट थप अनुन्सधान भईरहेको छ ।